# प्रदेशस्तरीय अपाङ्गता नागरिक ग्राम निर्माण तथा संचालन सम्वन्धी मापदण्ड - २०७७

१. पृष्ठभुमिः

नेपालको संविधान तथा अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ ले अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्वन्धी स्पष्ट व्यवस्था गरेको छ । आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै मौलिक हक तथा कर्तव्य खण्डमा समानताको हक अन्तर्गत अरु व्यक्ति सरह सेवा सुविधा पाउनुका साथै अपांगता भएका व्यक्तिहरुका लागि राज्यले विशेष व्यवस्था समेत गर्न सक्ने व्यहोरा उल्लेख गरिएको छ ।

संविधान तथा ऐनको व्यवस्थाको कार्यान्वयन तथा अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी, २००६ (Convention on the Rights of Person with Disabilities-CRPD) लगायत अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिवद्धता समेत पुरा गर्न भौतिक पूर्वाधार अपांगमैत्री बनाउने, सूचना तथा संचारमा पहुँच सुनिश्चिता गर्ने, न्यायमा अग्राधिकार दिने, शिक्षा सुलभ र निःशूल्क गर्ने, सहायक सामग्रीको उत्पादन र प्रभावकारी वितरणको व्यवस्था मिलाउने, औषधोपचारको सरल एवं भरपर्दो व्यवस्थापन गर्ने, समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गर्ने, सामाजिक सुरक्षा सेवाको दायरा बढाई सबै अपांगता भएका व्यक्तिहरुका लागि उपलब्ध हुने व्यवस्था गर्ने जस्ता सेवा सुविधाको व्यवस्था गर्न विगतका सरकारी नीतिहरु, आवधिक योजनाहरु, वार्षिक बजेटहरुमा लक्ष्यहरु राखी सो अनुरुप विभिन्न प्रकारका कार्यक्रमहरु संचालन हुँदै आएका छन् । यस सन्दर्भमा चालु आ.व २०७७/०७८ को कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुलाइ विभिन्न सेवा सुविधा सहित उपलब्ध गराउन प्रदेश स्तरमा अपाङ्गता नागरिक ग्राम स्थापना गर्ने कार्यक्रम रहेको छ ।उक्त ग्राम स्थापनाको अवधारणा, लगानी, निर्माण तथा संचालनको मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउन यो मापदण्ड तयार गरि कार्यान्वयनमा ल्याइएको छ ।

नेपालको संविधान जारी भइ संघीय, प्रदेश र स्थानीय सरकारको गठन भई कार्य प्रारम्भ भई सकेको अवस्था छ । नेपालको संविधानको अनुसुची ८ को क्र.सं १६ मा अपाङ्गता भएको व्यक्तिको विषय स्थानीय तहको अधिकार क्षेत्रमा सुचिकृत भएको र यस सम्वन्धी विषयको कार्यान्वयन गर्ने मुख्य जिम्मेवार निकाय पनि स्थानीय तह हुने भए पनि विना पूर्वाधार यो कार्य गर्न कठिनाई हुने भएकाले शुरुमा प्रदेशस्तरमा एक-एक वटा अपाङ्गता ग्राम स्थापना र संचालन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र प्रदेश सामाजिक विकास मन्त्रालयको समन्वय, सहयोग र साझेदारीममा अपाङ्गता ग्राम स्थापना र संचालन गर्नु बढी व्यवहारिक हुने, यसवाट हाल दिईरहेको सेवा प्रदेश भित्रको हकमा सम्वन्धित प्रदेशवाट एकीकृत रुपमा उपलव्ध गराउन सकिनुको साथै प्रभावकारी व्यवस्थापन गर्न समेत मद्धत पुग्न सक्ने देखिन्छ ।

२. उद्येश्य

(क) अपाङ्गता भएका व्यक्तिहरुका आधारभुत आवश्यकताको परिपूर्ति गरी उनीहरुलाई सम्मानजनक जीवनयापन गर्न व्यवस्थित, उपयुक्त र गुणस्तरीय सेवा प्रदान गर्ने ।

(ख) असहाय, एकल, सहारा बिहिन, बिपन्न अपाङ्गता भएका व्यक्तिहरुका लागि संरक्षणसहित सेवा सुविधा उपलव्ध गराउने ।

(ग) अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक गर्ने पुनर्स्थापना सेवा, स्वास्थ्य उपचार, जिविकोपार्जन लगायत सेवा सुविधा सुरक्षित र पहुँचयुक्त बनाई सहजतापुर्वक रुपमा उपलब्ध गराउने ।

३. **अपाङ्गता नागरिक ग्राम सम्वन्धी अवधारणाः**

अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी तथा अपाङ्गता भएका ब्यक्तिको अधिकार सम्वन्धी ऐन २०७४ बमोजिम अपाङ्गता भएका ब्यक्तिलाई अन्य व्यक्ति सरह समुदायमा रहने, शिक्षा, स्वास्थ्य, मनोरञ्जन, रोजगारी प्राप्त गर्ने लगायतका अधिकार हुन्छ । उक्त विषयको सर्वमान्यताको प्रतिकुल नहुने गरी अल्पकालिन पुनर्स्थापना, सिप आर्जन तथा स्वास्थ्य उपचार र मनोरञ्जन लगायतका सेवाहरुको प्रवन्ध मिलाउने गरी यस क्षेत्रमा Center of Excellence का रुपमा विकास हुनेगरी पहिलो चरणमा हरेक प्रदेशस्तरमा अपाङ्गता नागरिक ग्राम स्थापना गर्ने उद्देश्य राखिएको छ । अपाङ्गता नागरिक ग्राममा रहने सेवाहरु तपसिल बमोजिम रहनेछन :

१. **पुनर्स्थापना केन्द्रः** अपाङ्गता भएका असाहय ब्यक्तिहरु जसको आफूलाई र आफ्नो सम्पति, स्याहार गर्ने परिवारका सदस्य वा संरक्षक नभएको खण्डमा मात्र मापदण्डका आधारमा केन्द्रमा स्थायीरुपमा वा अपाङ्गताको अवस्थामा सुधार भइ स्वावलम्बी/आत्मनिर्भर नहुञ्जेलसम्म राख्ने गरी आवासिय पुर्नस्थापना केन्द्र रहने व्यवस्था गर्ने । अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै सुरक्षित र सम्मानजनकरुपमा आफन्तका साथ राख्ने विषय पहिलो प्राथमिकतामा हुनेछ ।

२. **स्वास्थ्य सुविधाः** अपाङ्गता भएका ब्यक्तिहरुलाई विभिन्न थेरापी सहितका नियमित स्वास्थ्य सेवा प्रदान गर्ने गरी स्वास्थ्य सेवा युनिट वा थोरै वेड सँख्याको सानो अस्पतालको व्यवस्था हुनुपर्ने ।

३. **मनोरञ्जन एवं खेलकूद परिसरः** अपाङ्गता भएका ब्यक्तिहरुलाई उनीहरुको अवस्थाअनुसारका Indoor तथा Outdoor खेलहरु खेल्न र खेलाउन सकिने गरी खेलकुद परिसर तथा गीत, संगित, नृत्य तथा अन्य मनोरञ्जनका साधन तथा स्रोतहरु व्यवस्थापन गर्ने ।

४. **दिवा सेवा केन्द्रः** अपाङ्गता भएका व्यक्तिहरुका लागि दिउसोको समयमा मात्र सेवा र स्याहार उपलब्ध गराउने गरी दिवा सेवा केन्द्र संचालन गर्ने । कार्यव्यस्तताको

कारणले दिनको समयमा हेरचाह पुर्याउन नसक्ने तर शुल्क पुर्याउन सक्ने अवस्थामा रहेका आफन्त, अभिभावक/संरक्षकसँग शुल्क लिएर तथा विपन्न र शुल्क पुर्याउन नसक्नेको लागि निशुल्क रुपमा समेत सेवा संचालन गर्न सकिने ।

५. **सिपमूलक तालिम केन्द्र :** अपाङ्गता भएका ब्यक्तिहरुलाइ आयआर्जन तथा आर्थिकरुपमा आत्मनिर्भर बनाउनका लागि उत्पादन तथा व्यवसायमुखी सीपहरु प्रदान गर्नु अत्यावश्यक हुन्छ । अपाङ्गता भएका ब्यक्तिहरुले अन्य व्यक्ति सरह उत्पादन, रोजगारी र स्वरोजगारी गर्न सक्षम हुन्छन र उनीहरुलाई उचित अवसरको आवश्यक छ । अपाङ्गता भएका ब्यक्तिहरुलाई उपयुक्त हुने खालका व्यवसाय संचालन तथा उत्पादनमुखी सीपहरु प्रदान गरी जिविकोपार्जनको व्यवस्थापनका लागि सिप विकास तालिम केन्द्र रहनु पर्ने ।

६. **बिक्री प्रवर्द्धन केन्द्र :** अपाङ्गता भएका ब्यक्तिहरुले अपाङ्गता नागरिक ग्राम वा उनीहरुकै वासस्थानमा आफ्नो श्रम र सीप प्रयोग गरी उत्पादन गरेका सामग्रीहरु (जस्तै पेन्टिङ, हस्तकलाका सामग्री आदि) बेच बिखन गर्न स्थानीयस्तरमा वा प्रदेशस्तरमा स्थापना भएका कोशेलीघर/ सौगातगृह जस्ता बिक्रीकक्षको प्रवन्ध मिलाउने गरी बिक्री प्रवर्द्धन केन्द्रको व्यवस्था गर्ने ।

७. **पुस्तकालय :** अध्ययन, अध्यापन गर्न चाहने अपाङ्गता भएका ब्यक्तिहरुलाई ज्ञानको स्रोत केन्द्रको रुपमा रहने गरी विभिन्न विधाका पुस्तक÷पत्रपत्रिकाहरु रहने पुस्तकालय युनिट रहने ।

८. **सूचना तथा संचार केन्द्र :** अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक पर्ने सवै खालका सुचना उपलब्ध हुने गरी अपाङ्गतामैत्री ढाँचामा सूचना उपलब्ध गराउने । प्रदेशभित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क समेत उपलब्ध हुने गरी व्यवस्थापन गर्ने ।

९. **सहायक सामग्री उत्पादनः** अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक पर्ने सहायक सामग्रीहरु सम्भव भएसम्म उनीहरुकै सहभागितामा उद्यमशिलता प्रर्वद्धन हुने गरी उत्पादन तथा निशुल्क वितरण गर्ने व्यवस्था मिलाउने ।

१०. **अनौपचारिक कक्षा संचालनः** सीपमुलक तालिम लगायतका सुविधा प्राप्त गर्न साक्षर हुनु आवश्यक हुन्छ । विभिन्न कारणले शिक्षा लिनबाट वञ्चित भएका अपाङ्गता भएका व्यक्तिहरुका लागि अनौपचारिक कक्षा संचालन गरेर साक्षर बनाउने कार्यक्रम संचालन गर्ने ।

अपाङ्गता नागरिक ग्राम निर्माण तथा पुर्ण क्षमतामा संचालन हुने अवस्थामा उल्लेखित सेवाहरु स्थापित भई अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा पुर्याउने सक्षम इकाईका रुपमा स्थापित हुनेछन । पुर्ण क्षमतामा संचालन नहुँदासम्म प्राथमिकता

निर्धारण गरी क्रमशः सेवाहरु संचालन गरिनेछ । अपाङ्गता नागरिक ग्राममा रहने सेवाहरु आवश्यकताअनुसार थपघट गर्न सकिनेछ ।

४. **लगानी साझेदारी सम्वन्धी व्यवस्थाः** अपाङ्गता नागरिक ग्राम निर्माण तथा स्थापना संघ, प्रदेश तथा स्थानीय सरकारको लागत साझेदारीमा गरिनेछ । लगानीको ढाँचा तपसिल बमोजिम हुनेछ ।

| | |
|---|---|
| १. सङघीय सरकार | ५० प्रतिशत |
| २. प्रदेश सरकार | ४० प्रतिशत |
| ३. स्थानीय सरकार | १० प्रतिशत |

लगानीको ढाँचा सामान्यतया माथि उल्लेख भएबमोजिम हुनेछ । स्थानीय तह तथा प्रदेश सरकारहरुसँगको समन्वयमा थपघट समेत हुन सक्नेछ । नेपाल सरकारको स्वीकृतीमा संघ वा प्रदेश सरकारले आवश्यकताअनुसार संघ संस्था, निजी क्षेत्र तथा विकास साझेदारहरुमार्फत समेत लगानी जुटाउने व्यवस्था गर्न सक्नेछन ।

अपाङ्गता नागरिक ग्राम स्थापना तथा संचालन गर्दा विभिन्न विकास साझेदारहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु लगायतका साझेदारहरुको सहयोग प्राप्त गर्न सकिनेछ ।

५. **निर्माण वा स्थापना सम्वन्धीः** अपाङ्गता नागरिक ग्राम नयाँ भौतिक संरचना निर्माण गरी संचालन गर्न वा ग्राम संचालनका लागि उपयुक्त हुने खालको निर्माण भइसकेको संरचना प्राप्त हुन सक्ने अवस्था भएमा उक्त संरचनामा आवश्यकता अनुसार स्तरउन्नती र सुधार गरी संचालन गर्न सकिनेछ ।

६ **सञ्चालन सम्वन्धी व्यवस्थाः** अपाङ्गता नागरिक ग्रामको समग्र व्यवस्थापनका लागि ग्राम रहने स्थानीय तहका प्रमुख वा अध्यक्षको संयोजकत्वमा एक व्यवस्थापन समिति रहनेछ । व्यवस्थापन समितिको व्यवस्था देहायबमोजिम हुनेछ :

| | |
|---|---|
| १. सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष | –संयोजक |
| २. प्रदेश सामाजिक विकास मन्त्रालयको प्रतिनिधी | –सदस्य |
| ३. ग्राम रहने जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत | –सदस्य |
| ४. राष्ट्रिय अपाङ्ग महासँघको प्रदेश संयोजक वा निजले तोकेको सदस्य | –सदस्य |
| ५. नेपाल प्रहरीको स्थानीय प्रमुख | –सदस्य |
| ६. सम्बन्धित स्थानीय तहको अध्यक्ष/प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक वा वरिष्ठ स्वास्थ्यकर्मी | –सदस्य |
| ७. ग्रामको प्रशासकिय प्रमुख | –सदस्य सचिव |

७. **अपाङ्गता नागरिक ग्राम निर्माण तथा संचालनका लागि स्थान छनौट सम्वन्धी व्यवस्थाः**

७.१ अपाङ्गता नागरिक ग्राम सम्वन्धी अवधारणापत्र स्विकृत भएपछि मन्त्रालयले सवै प्रदेशका सामाजिक विकास मन्त्रालयहरुलाई सो सम्वन्धी लिखितरुपमा जानकारी गराउनेछ ।

७.२ सामाजिक विकास मन्त्रालयले सो को आधारमा प्रदेश भित्रको बढीमा ३ वटा सम्भावित स्थानीय तह छनौट गरी ३० दिन भित्र ग्राम निर्माणको प्रस्ताव महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्नेछ ।

७.३ अपाङ्गता नागरिक ग्राम सम्वन्धी प्रस्ताव पेश गर्दा प्रदेश सरकार/स्थानीय तहले देहायका कागजात पेश गर्नुपर्नेछ :

क) ग्राम निर्माण गर्ने स्थानको लागि जग्गाको व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ । सामान्यतया तराईमा ३ विगाह, पहाडमा २० रोपनी र हिमालमा १० रोपनी क्षेत्रफल हुनुपर्ने तर जग्गाको उपलब्धता, औचित्यता र आवश्यकताको आधारमा प्रदेश सरकारले गरेको सिफारिस बमोजिम हुनेछ ।

ख) ग्राम निर्माण वा संचालन गर्ने स्थानमा जग्गा प्राप्ति गरेको प्रमाणित विवरण

ग) ग्रामको विस्तृत आयोजना प्रतिवेदन (DPR)

घ) स्थानीय तह तथा प्रदेश सरकारबाट बहुबर्षियरुपमा लगानी गर्न गरिएको प्रतिबद्धता

ङ) यस अवधारणापत्र बमोजिम ग्राममा तथा संचालन गर्ने प्रतिबद्धता

च) ग्राम निर्माण गर्न आवश्यक पर्ने चार किल्ला खुलेको जग्गाको विवरण

७.४ अपाङ्गता नागरिक ग्राम निर्माण छनौटसम्वन्धी मापदण्ड

प्रदेश सामाजिक विकास मन्त्रालय बाट प्रस्ताव प्राप्त भएपछि देहायका आधारमा प्राथमिकता निर्धारण गरी सवैभन्दा बढी सम्भावना भएको तथा स्थानीय अपनत्व प्राप्त हुने स्थान अपाङ्गता नागरिक ग्राम निर्माण तथा संचालनका लागि छनौट गर्नुपर्नेछ ।

क) ग्राम निर्माण वा संचालन गर्नका लागि जग्गा प्राप्ती भएको

ख) ग्राम निर्माण गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भएको

ग) स्थानीय तहको कार्यपालिका तथा प्रदेश सरकारबाट बहुबर्षियरुपमा लगानी गर्न गरिएको प्रतिबद्धता भएको

घ) सवैभन्दा बढी अपाङ्गता भएका व्यक्ति बसोवास गर्ने

ङ) सीपमुलक कार्यक्रम तथा स्वरोजगार बनाउने कार्यक्रमलाई प्राथमिकतामा राखिएको ।

च) स्थानीय गैरसरकारी सँस्था वा निजी क्षेत्रले लगानी गर्ने प्रतिवद्धता गरिएको ।

छनौट गर्दा प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, गैर सरकारी संस्थाबाट सवैभन्दा बढी लगानीको प्रतिबद्धता प्राप्त हुने प्रस्तावलाई प्राथमिकता दिनुपर्नेछ ।

७.५ अपाङ्गता ग्रामको घोषणा:

क) प्रदेशसरकारको सामाजिक विकास मन्त्रालयले माथी उल्लेखित मापदण्ड पूरा गरी स्थानीय तहबाट प्राप्त ग्राम घोषणाको प्रस्ताव मन्त्रालयमा पठाउने छ र नेपालसरकारले यस्तो स्थानलाई ग्रामको रुपमा घोषणा गर्दछ ।

ख) मापदण्ड विपरित भइ वा कुनै कारणले ग्राम घोषणा हुन नसकेमा मन्त्रालयले उक्त ग्राम स्थापना गर्ने प्रस्ताव खारेज गर्न सक्नेछ ।

८. **कार्यान्वयन तथा खर्चसम्वन्धी व्यवस्था:**

८.१ निर्माण सम्वन्धी कार्यको अगुवाई प्रदेश सरकार आफैं वा तोकिएको स्थानीय तह मार्फत गराउन सकिनेछ ।

८.२ अपाङ्गता नागरिक ग्राम निर्माण वा संचालनका लागि हुने खर्च सम्वन्धित निकायले प्रचलित नेपाल कानुन बमोजिम गर्नुपर्नेछ ।

९. **बाधा अडकाउ फुकाऊन सक्नेः** यस मापदण्ड कार्यान्वयनको सिलसिलामा कुनै बाधा उत्पन्न भए मन्त्रालयले आवश्यक परिमार्जन गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

१०. **व्याख्या सम्बन्धी व्यवस्था :** यस मापदण्डको व्याख्या गर्ने अधिकार मन्त्रालयमा रहनेछ ।